# निकासी पैठारी संकेत नम्बर प्रदान गर्ने सम्बन्धी कार्यविधि२०७३

**प्रस्तावना :** वैदेशिक व्यापारलाई प्रबर्द्धन गरी निकासी पैठारी कार्यलाई पारदर्शी, व्यवस्थित र सरलीकृत बनाई व्यवसायिक कारोबारमा प्रयोग हुने कागजातहरुको संख्यालाई घटाएर अस्वस्थ वा अनधिकृत व्यापारिक क्रियाकलापलाई निरुत्साहित गर्न तथा अस्वस्थ प्रतिस्पर्धा नियन्त्रण गर्ने समेतका कार्यमा टेवा पु र्याछउने उद्देश्यकासाथ नेपालको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी अद्यावधिक अभिलेख राख्ने प्रयोजनका लागि निकासी पैठारी संकेत नम्बर जारी गर्न बान्छनीय भएकाले,

भन्सार ऐन, २०६४ को दफा ९३ को खण्ड (च) बमोजिम भन्सार विभागले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद(१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** (१) यो कार्यविधिको नाम निकासी "पैठारी संकेत नम्बर प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७३" रहेको छ ।

(२) यो कार्यविधि महानिर्देशकले तोकेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “प्रणाली” भन्नाले संकेत नम्बर प्रदान गर्न तथा यसको व्यवस्थापन गर्ने कार्यका लागि विभागद्वारा विकास गरेको स्वचालित कम्प्युटराइज्ड सफ्टवेयर सम्झनु पर्छ र यसले सोसँग सम्बन्धित अन्य उपप्रणालीहरुलाई समेत जनाउनेछ ।

(ख) “स्थायी लेखा नम्बर” भन्नाले आन्तरिक राजस्व विभाग मातहतका आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयबाट जारी गरेको नौ अंकको स्थायी लेखा नम्वर सम्झनु पर्दछ । यसलाई अग्रेजीमा Permanent Account Number र छोटकरीमा "PAN" भनिनेछ ।

(ग) “संकेत नम्वर” भन्नाले व्यवसायिक प्रयोजनका लागि मालवस्तु निकासी वा पैठारी वा दुवै कारोवार गर्ने व्यक्तिलाई प्रदान गरिने दफा ३ बमोजिमको संकेत नम्बरलाई सम्झनु पर्दछ । यसलाई अग्रेजीमा Export Import Code र छोटकरीमा "EXIM Code" भनिनेछ ।

(घ) यस कार्यविधिले परिभाषित नगरेका तर भन्सार ऐन , २०६४ ले परिभाषित गरेका शब्दहरु यस कार्यविधिमा प्रयोग भएकोमा त्यस्ता शब्दहरुको अर्थ सो ऐनले परिभाषित गरे बमोजिम हुनेछ ।

३. **संकेत नम्बर लिनुपर्नेः** (१) दफा ८ मा संकेत नम्बर आवश्यक नपर्ने भनी उल्लेख गरिएका व्यक्ति बाहेक निकासी तथा पैठारी गर्ने अन्य व्यक्तिले अनिवार्य रुपमा संकेत नम्बर लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम संकेत नम्बर नलिएको व्यक्तिले निकासी वा पैठारी गर्न पाउने छैन ।

## परिच्छेद(२
## संकेत नम्बरको संरचना र प्रकार

४. **संकेत नम्बरको संरचनाः** संकेत नम्बर १३ अंक (डिजिट) र सोपछि अंग्रेजी वर्णमालाको २ अक्षर जोडिएको स्वरुपको हुनेछ । यसको संरचनाले देहायको अर्थ बुझाउनेछः

(क) पहिलो ९ अंकले स्थायी लेखा नम्बरलाई बुझाउनेछ ।

(ख) दशौं र एघारौं अंकले एउटै स्थायी लेखा नम्बर अन्तर्गत एकमात्र व्यवसायिक फर्म दर्ता भएको भए १ र एउटै फर्मको एक भन्दा बढी दर्ता रहेको भए २ देखि त्यस्तो फर्मको संख्या बमोजिम दिइने सिलसिलेवार नम्बरलाई बुझाउनेछ ।

(ग) बाह्रौ र तेह्रौ अंकले प्रणालीले आफै जारी गर्ने विशेष प्रयोजनका अंकहरुलाई जनाउनेछ ।

(घ) तेह्रौ अंक पछिको अंग्रेजीको "ल्ए" अक्षरहरुले नेपाललाई जनाउनेछ ।

## परिच्छेद(३
## संकेत नम्बरका लागि आवेदन दिने व्यवस्था

५. **संकेत नम्बर प्राप्तिका लागि आवेदन दिन सकिनेः** (१) मालवस्तु निकासी वा पैठारी वा दुवै प्रकारको कारोवार गर्न चाहने प्रचलित कानुन बमोजिम नियमित रुपमा कर विवरण बुझाउँदै आएको, आन्तरिक राजस्व विभाग वा यस विभाग अन्तर्गतका कार्यालयहरुले कारोबार रोक्का तथा स्थगन नराखेका र चुक्ता पूँजी दश लाख रुपैयाँ भएको व्यक्तिले संकेत नम्बर प्राप्त गर्नका निमित्त उपदफा (२) बमोजिम आवेदन दिन सक्नेछ ।

तर निकासी मात्र गर्ने गरी संकेत नम्बर लिन चाहने व्यक्तिका लागि चुक्ता पूँजीको कुनै हद रहने छैन ।

(२) उपदफा (१) बमोजिमको व्यक्तिले प्रणालीमा प्रवेश गरी अनुसूची –१ बमोजिमको सम्पूर्ण विवरण प्रविष्ट गरी देहाय बमोजिमका कागजातहरुको विद्युतीय (स्क्यान गरिएको) प्रति प्रणालीमा अपलोड गरी विद्युतीय माध्यम मार्फत सम्प्रेषण गर्नु पर्नेछः

(क) हस्ताक्षर सहितको प्रणालीबाट जारी हुने निवेदनपत्र,

(ख) व्यवसाय वा उद्योग दर्ताको प्रमाणपत्र (नवीकरण हुनुपर्नेमा नवीकरण समेत भएको हुनुपर्ने)

(ग) स्थायी लेखा नम्बर प्रमाणपत्र,

(घ) अन्तःशुल्क लाग्ने वस्तुको कारोबार गर्ने भए सो सम्बन्धी इजाजतपत्र,

(ङ) कुनै कारोबार गर्न छुट्टै अनुमतिपत्र चाहिने भए सो अनुमतिपत्र,

(च) आवेदकको बैंक खाता रहेको बैंकले जारी गरेको अनुसूची २ बमोजिमको सिफारिसपत्र,

(छ) नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त क वर्गको वाणिज्य बैंकले जारी गरेको न्यूनतम एक वर्षको अवधि भएको तीन लाख रुपैंया बराबरको बैंक जमानत

वा सम्बन्धित व्यक्तिको बैंक खातामा रहेको रकम मध्ये बैंक जमानतको लागि रकम रोक्का राखी सो वापत बाणिज्य बैंकले जारी गरेको न्यूनतम १ वर्षको अवधि भएको तीन लाख रुपैयाँ बराबरको नगद सुरक्षण वापतमा जारी गरेको बैंक जमानतपत्र ।

यसरी राखिएको बैंक जमानत वा नगद सुरक्षण वापतको जमानतपत्रका आधारमा संकेत नम्बर लिएकाको हकमा तीन वर्ष  लगातार कुनै कर रकम बक्यौता नभएको [illegible]
[illegible]पत्र
तर निकासी कारोबार मात्र गर्नेको हकमा  बैंक जमानत  आवश्यक नपर्ने ।

(ज) व्यक्ति, प्रोप्राइटर वा निकायको प्रमुखको पछिल्लो ६ महिना भित्र खिचिएको फोटो ।

(झ) व्यवसाय रहेको स्थान सहज रुपमा पहिचान हुने ट्रेस वा स्केच नक्शा ।

(३) उपदफा (२) बमोजिम विद्युतीय माध्यमबाट दरखास्त दिने व्यक्तिले अनुसूची –१ बमोजिमको आवेदन फाराम भरी हस्ताक्षर गरी उपदफा (२) को खण्ड (च) र (छ) बमोजिमका कागजातको सक्कलप्रति आवेदन दिएको मितिले सात दिनभित्र नजिकको भन्सार कार्यालयमा वा विभागमा आफै वा हुलाक मार्फत रजिष्ट्री गरी पठाउन सकिनेछ ।

(४) उपदफा (२) बमोजिम पेश गरिएका कागजातहरु पुनः अन्य प्रयोजनका लागि भन्सार कार्यालयमा पेश गर्नुपर्ने छैन ।

## परिच्छेद(४
## संकेत नम्बर जारी गर्ने प्रक्रिया

६. **संकेत नम्बर उपलब्ध गराउनेः** (१) दफा ५ बमोजिम आवेदन प्राप्त भएपछि प्राप्त आवेदनमाथि आवश्यक जाँच गरी संकेत नम्बर उपलब्ध गराउन उपयुक्त देखिएमा आवेदन प्राप्त भएको सात कार्यदिनभित्र विभागले संकेत नम्बर जारी गरिएको जानकारी आवेदकलाई विद्युतीय माध्यमबाट उपलब्ध गराउने छ ।

तर, एउटै व्यक्तिलाई एकभन्दा वढी संकेत नम्बर प्रदान गरिने छैन ।

(२) आवेदकलाई उपदफा (१) बमोजिम संकेत नम्बर उपलब्ध गराउन नमिल्ने देखिएमा कारण समेत खोली सोको जानकारी विभागले आवेदकलाई विद्युतीय माध्यमद्वारा उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) बमोजिम  संकेत  नम्बर अनुसूची  –३ बमोजिमको ढाँचाको प्रमाणपत्रमा  उपलव्ध गराइनेछ । यस्तो प्रमाणपत्र आवेदकले प्रणालीबाट गोप्य संकेत प्रयोग गरी आफैले मुद्रण गरी प्राप्त गर्न वा स्वयं विभागमा उपस्थित भई बुझिलिन सक्नेछ ।

## परिच्छेद(५

## संकेत नम्बर अध्यावधिक,सक्रिय, निष्क्रिय तथा खारेजीको व्यवस्था

७. **संकेत नम्बर अध्यावधिक, चालू, स्थगन तथा खारेजीः** (१) संकेत नम्बर स्थायी प्रकृतिको हुनेछ र यसमा उल्लिखित विवरणहरु संकेत नम्बर प्राप्त व्यक्तिले प्रत्येक आर्थिक वर्ष शुरु हुनु अगावै प्रणालीमार्फत एक आर्थिक वर्षका लागि अध्यावधिक गर्नु पर्नेछ । यसरी अध्यावधिक गर्दा दफा ५ को उपदफा (२) को खण्ड (छ) बमोजिमको बैंक जमानतको म्याद समेत थप भएको हुनुपर्नेछ ।

तर कुनै व्यक्तिले एक आर्थिक वर्षभन्दा बढीका लागि अद्यावधिक गर्न चाहेमा अधिकतम ५ आर्थिक वर्षको म्याद भएको बैङ्क जमानत पेश गरी सोही अवधिको लागि नवीकरण गर्न सक्नेछ ।

(२) यो संकेत नम्बर स्थगन वा खारेजी नभएसम्म कायम रहने छ ।

(३) संकेत नम्बर प्राप्त गरेको व्यक्तिले नेपाल सरकारलाई प्रचलित कानून बमोजिम तिर्नु बुझाउनु पर्ने राजस्व वा अन्य कुनै रकम निर्धारित समयभित्र नतिरेमा वा नबुझाएमा सम्बन्धित निकायको अनुरोधमा विभागले त्यस्तो व्यक्तिको संकेत नम्बर स्थगन गर्नेछ । यसरी स्थगन भएको जानकारी सम्बन्धित व्यक्तिलाई प्रणालीमार्फत दिइनेछ । सम्बन्धित निकायबाट त्यस्तो रकम भुक्तानी गरेको जानकारीकासाथ स्थगन भएको संकेत नम्बर फुकुवा गरिदिन अनुरोध भई आएमा स्थगन भएको संकेत नम्बर फुकुवा गरिनेछ ।

(४) भन्सार ऐन , २०६४ को परिपालना नगरेमा सम्बन्धित निकायको लिखित अनुरोधमा संकेत नम्बर स्थगन गर्न सकिने छ । भन्सार ऐन २०६४ ,को दफा ५७ को उपदफा (५), (७), (८) वा (९) बमोजिमको सबै वा कुनै कसूर १ आर्थिक वर्षमा लगातार वा पटक पटक गरी ५ पटकसम्म गरेको वा सोही दफाको उपदफा (१०) वा (१८) बमोजिमको कसूर गरेको पाइएमा संकेत नम्बर ३ महिना सम्मको लागि स्थगन गर्न सकिनेछ ।

तर यस उपदफा बमजिम संकेत नम्बर स्थगन हुनुभन्दा अगाडि चलान भइसकेको मालवस्तु भन्सार कार्यालयबाट छुटाउनका लागि स्थगन भएको कारणले बाधा पर्ने छैन ।

(५) दफा ५ को उपदफा (२) को खण्ड (छ) बमोजिम राखिएको बैंक जमानतको म्याद समाप्त भएमा वा कुनै कारणवस उक्त बैंक जमानत अमान्य भएमा संकेत नम्बर स्वतः स्थगन हुनेछ । त्यस्तो बैंक जमानतको म्याद थप गरेको वा बैंक जमानत चालू भएको प्रमाण सम्बन्धित व्यक्तिले प्रणाली मार्फत अद्यावधिक गरेमा वा विभागमा पेश गरेमा विभागले स्थगन भएको संकेत नम्बर फुकुवा गर्न सक्नेछ ।

(६) संकेत नम्बर प्राप्त व्यक्तिले लगातार तीन सय पैंसठ्ठी दिनसम्म निकासी वा पैठारी नगरेमा संकेत नम्बर स्वतः स्थगन हुनेछ र यसरी स्थगित भएको संकेत नम्बर पुनः सक्रिय गर्न प्रणालीमार्फत विभागसमक्ष अनुरोध गरेमा उक्त आर्थिक वर्षको लागि बैंक जमानतको म्याद कायम रहेको अवस्थामा संकेत नम्बर पुनः सक्रिय गरिनेछ ।

(७) संकेत नम्बर प्राप्त व्यक्तिले संकेत नम्बर खारेज गराउन वा अवधि खोली स्थगन गराउन चाहेमा सोको कारण समेत उल्लेख गरी प्रणालीमा निवेदन सम्प्रेषण गर्नु पर्नेछ । यसरी

निवेदन सम्पे्रषण गर्नुपूर्व सम्बन्धित व्यक्तिले भन्सार कार्यालयलाई बुझाउनुपर्ने सबै प्रकारका राजस्व वा अन्य रकमहरु बुझाएको हुनुपर्नेछ ।

(८) उपदफा (७) बमोजिम निवेदन प्राप्त भएमा विभागले आवश्यक जाँचबुझ गरी कुनै कारणबस खारेजी वा स्थगन गर्न नसकिने अवस्था भएमा बाहेक निवेदकको माग बमोजिम संकेत नम्बर खारेज गर्न वा अवधि तोकी स्थगन गर्न सक्नेछ । यसरी खारेज वा स्थगन गरिएको वा नगरिएको जानकारी निवेदकलाई विद्युतीय माध्यमबाट दिइनेछ ।

(९) उपदफा (८) बमोजिम अवधि तोकी स्थगन गरिएको संकेत नम्बर सो अवधि समाप्त भएपछि बैंक जमानतको अवधि कायम रहेमा स्वतः चालू हुनेछ र यसरी चालू भएको जानकारी विद्युतीय माध्यमबाट सम्बन्धित व्यक्तिलाई दिइनेछ ।

(१०) उपदफा (८) बमोजिम संकेत नम्बर खारेज भएमा त्यस्तो संकेत नम्बर प्राप्त गर्ने प्रयोजनका लागि दफा ५ बमोजिम राखिएको बैंक जमानत फुकुवा गरिनेछ ।

(११) संकेत नम्बर प्राप्त गर्नका लागि गलत विवरण पेश गरेमा वा संकेत नम्बरको अनधिकृत प्रयोग गरेमा त्यस्तो संकेत नम्बर रद्द गरी दफा ५ बमोजिम राखिएको बैंक जमानत जफत गरिनेछ ।

## परिच्छेद(६
## संकेत नम्बर आवश्यक नपर्ने

८. **संकेत नम्बर आवश्यक नपर्नेः (१)** एक पटकमा पचास हजार रुपैंया मूल्यसम्मको मालवस्तु पैठारी गर्न वा एक पटकमा पाँच लाख रुपैंया मूल्यसम्मको मालवस्तु निकासी गर्नका लागि संकेत नम्बर आवश्यक पर्ने छैन ।

तर संकेत नम्बर लिएका व्यक्तिले जतिसुकै मूल्यको मालवस्तु निकासी वा पैठारी गर्दा पनि संकेत नम्बर उल्लेख गर्नुपर्नेछ ।

(२) सरकारी निकाय, सार्वजनिक संस्थान, सरकारी आयोजना, कूटनीतिक नियोग आदिले गैह्र व्यापारिक प्रयोजनको लागि निकासी वा पैठारी गर्दा वा सामान्यतया विक्रीको लागि नभई आफ्नै प्रयोजनको लागि पैठारी गर्दा वा दान , उपहार वा राहतको लागि पटके रुपमा पैठारी गर्दा यस कार्याविधि बमोजिम संकेत नम्बर लिनु पर्ने छैन ।

तर यस उपदफामा उल्लिखित व्यक्तिले पैठारी गर्दा अनुसूची –४ मा उल्लेख गरिए बमोजिमको संकेत नम्बर प्रयोग गर्नु पर्नेछ । यस्तो संकेत नम्बर विभागले सरोकारवालाको जानकारीका लागि प्रणालीमा उपलब्ध गराउनेछ ।

## परिच्छेद(७
## विविध

९. **बैंक जमानतबाट असुल गर्न सकिने** : संकेत नम्बर प्राप्त व्यक्तिले भन्सार कार्यालयलाई तिर्नु बुझाउनुपर्ने कुनै रकम बाँकी भएमा भन्सार अधिकृतले त्यस्तो रकम निजले संकेत नम्बर प्राप्त गर्ने प्रयोजनका लागि दफा ५ बमोजिम राखेको बैंक जमानत वा नगद सुरक्षण वापतको जमानत पत्रबाट असुल गर्न सक्नेछ । यसरी असुल गरेको अवस्थामा पुनः दफा ५ बमोजिम बैंक जमानत पेश नगरेसम्म संकेत नम्बर स्वतः स्थगन हुनेछ ।

१०. **विद्युतीय प्रणालीद्वारा कार्य सम्पादन हुने :** यस कार्यविधि बमोजिम संकेत नम्बर उपलब्ध गराउने , स्थगन गर्ने, फुकुवा गर्ने, अद्यावधिक गर्ने वा बन्द गर्ने कार्यहरु स्वचालित विद्युतीय प्रणालीद्वारा सम्पादन गरिनेछन्

११. **बाधा अडकाउ फुकाउने :** यस कार्यविधिको कार्यान्वयमा कुनै द्विविधा उत्पन्न भएमा वा कुनै बाधा अडकाउ परेमा वा यसमा उल्लेख भएको कुनै विषयको व्याख्या गर्नुपर्ने भएमा महानिर्देशकले आवश्यक निर्णय गरी त्यस्तो द्विविधा हटाउन वा बाधा अडकाउ फुकाउन वा व्याख्या गर्न सक्नेछ ।

१२. **खारेजी र बचाउ :** (१) निकासी पैठारी संकेत नम्बर जारी गर्ने सम्बन्धी कार्यविधि , २०७२ खारेज गरिएको छ ।

(२) निकासी पैठारी संकेत नम्बर जारी गर्ने सम्बन्धी कार्यविधि , २०७२ बमोजिम भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची–१

संकेत नम्बर प्राप्तिका लागि भर्नुपर्ने दरखास्त फारामको नमूना

**Government of Nepal**

**MINISTRY OF Finance**

**DEPARTMENT OF CUSTOMS**

# Application for Export Import (EXIM) Code

## PAN Details

| | | | |
|---|---|---|---|
| PAN* | PAN | Legal Status* | |
| Company Name* | | संस्थाको नाम (नेपालीमा) | |
| SITC* | SITC | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| Issue Dates: * | IT* | yyyy.mm.dd | VAT* | yyyy.mm.dd | Excise | yyyy.mm.dd |

## Permanent Address Details

| | | | |
|---|---|---|---|
| Country* | NEPAL | District* | Please Select District |
| VDC/Municipality* | Select VDC/Mun | Ward No.* | Select ward |
| Street* | Street | टोल (नेपालीमा)* | टोल (नेपालीमा) |
| House No. | House No. | घर नं (नेपालीमा) | घर नं (नेपालीमा) |

## Other Addresses Details

| | | | |
|---|---|---|---|
| Address Type* | Temporary | Country* | NEPAL |
| District* | Please Select District | VDC/Municipality* | Select Vdc/Mun |
| Ward No.* | Select ward | Street* | Street |
| House No.* | House No. | | |

Add New

## Contact Details

Contact Type* — Select Contact Type

Details* — Number/Details

Add New

Details

## Proprietor/Partner/Director Details

Upload Photo

| | पहिलो (First)* | बीचको (Middle) | थर (Last)* |
|---|---|---|---|
| नाम (नेपालीमा)* | पहिलो | बीचको | थर |
| Name* | First | Middle | Last |
| Father's/ Mother's Name* | First | Middle | Last |
| Grand Father's Name* | First | Middle | Last |
| Spouse's Name | First | Middle | Last |

Position* — Please Select Position

Address* — Address

ठेगाना (नेपालीमा)* — ठेगाना

Landline — Landline

Mobile — Mobile

Email — Email

P.O.Box — P.O.Box

☐ For Certificate

☐ Signatory Details

NOTE : Please check 'For Certificate' box before clicking Add New button, if the person being added is the person whose photo and info is to be displayed in the EXIM Code Certificate.

Add New

## Bank Account Details

| | | | |
|---|---|---|---|
| Bank Name* | Please Select Bank | Address* | Address |
| Account Type* | Please Select Account Type | Account No.* | Account No. |
| Account Name* | Account Name | | |

Add New

Details

## Upload Bank Guarantee/Bank Security

| Document Type | Bank Guarantee Date | Bank Name | Branch | Address | Guaranteed Amount | Expiry Date |
|---|---|---|---|---|---|---|
| Bank Guarantee/Security | | | | | | |

## Upload Documents

| Document Type | ID Number | Issued Date | Issued Place |
|---|---|---|---|
| Company Certificate | | | |
| Bank Certificate | | | |
| BG Alternate Taxpayer Document | | | |
| Taxpayer Document | | | |
| PAN | | | |

## Transit Details

Transit From : ☐ Bilateral India ☐ Bilateral Tibet/China ☐ In-transit India ☐ In-transit China ☐ Others

## Declaration

I hereby declare that the particular and the statements made in this application are true and correct.

Save Submit

अनुसूची- २

संकेत नम्बर प्राप्त गर्नको लागि बैंकले गर्ने सिफारिसको नमूना

............................ बैंकको नाम र ठेगाना

चलानी/सन्दर्भ नम्बर

अख्तियारप्राप्त निवेदकको पासपोर्ट साइजको फोटो

श्री भन्सार विभाग
त्रिपुरेश्वर, काठमाण्डौ ।

देहाएको विवरण भएको फर्म/कम्पनीको यस बैङ्कमा रहेको खाता नम्वर ...................... मिति ............. देखि हालसम्म अविच्छिन्न रूपमा संचालनमा रहेको व्यहोरा प्रमाणित गर्दछौं ।

१. फर्म/कम्पनीको नाम :
२. मुख्य व्यक्तिको नाम :
३. ठेगाना :
४ टेलिफोन नम्बर :
ईमेल :
फ्याक्स :
वेवसाईट :
स्थायी लेखा नम्बर :

मिति : बैंक अधिकारीको सही :
स्थान :

बैंक अधिकारीको नाम :
पद :
शाखा :
टेलिफोन नं. :
इमेल :
बैंकको छाप :